नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालय
बबरमहल काठमाण्डौ

पत्र संख्या : २०७९/८०
च.नं. : 08

मिति : २०७९/०४/०१

**बिषय :– सूचिदर्ता गर्ने सम्बन्धि सूचना ।**

यस कार्यालयको लागि चालु आ.व. मा तल उल्लेखित विषयहरुको मौजुदा सूचि तयार गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को प्रयोजनार्थ छुट्टा छुट्टै कार्यका लागि यस कार्यालयमा गत आ.व. २०७८।७९ मा सूचिकृत भै सकेका हकमा अध्यावधिक गर्न चाहनेले आ. व. २०७७।७८ को कर चुक्ता प्रमाणपत्र, स्वघोषणा र नयाँ दर्ता हुन चाहने आपूर्तिकर्ता, निर्माण व्यावसायी, परामर्शदाता, सेवाप्रदायकको हकमा ईजाजतपत्र, मूल्यअभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ.व.२०७७।७८ को करचुक्ता प्रमाणपत्रहरु राखि सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूचि २ (क) बमोजिमको निवेदन भरी कार्यालय समय भित्र यस कार्यालयमा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

निम्न :–

१) स्टेशनरी मशलन्द तथा छपाई सम्बन्धि कार्य,
२) कम्प्युटर, प्रिन्टर, यु.पि.यस., फोटोकपि मेशिन, फ्याक्स मेशिन, मल्टिमिडिया, प्रोजेक्टर, ईन्भर्टर, जेनेटर तथा अन्य ईलेक्ट्रिक सामानहरु आपूर्ति तथा मर्मत कार्य,
३) सवारी साधनहरुको स्पेयरपार्टसहरु तथा मर्मत कार्य,
४) फर्निचर फिक्चर्सको सप्लाइ तथा मर्मत कार्य ,
५) पिउने पानी सप्लाई गर्ने कार्य,
६) कम्प्युटर नेटवर्किङ बिस्तार र सफ्टवेयर अपडेट जस्ता परामर्श सम्वन्धि कार्य,
७) बिज्ञापन तथा सूचना प्रकाशन सम्बन्धि कार्य,
८) पत्रपत्रिका तथा अन्य पुस्तक पुस्तिका सप्लाई गर्ने कार्य,
९) कार्यालय पार्टेशन तथा रङरोगन सम्बन्धि कार्य
१०) अन्य बिबिध कार्यहरु ।

शर्तहरु :–

१) एकभन्दा बढि काममा सूचि दर्ता गराउन चाहनेले प्रत्येक कामको लागि छुट्टा छुट्टै निवेदन दर्ता गराउनु पर्नेछ ।
२) कम्पनी, फर्म वा संस्थालाई सूचिकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।
३) खरिद कार्यमा भाग लिन अयोग्य नभएको भनि लिखित स्वघोषणा पेश गर्नु पर्नेछ ।

२०७९/०४/०१
कार्यालय प्रमुख